# कानून निर्माणका चरण र प्रक्रिया



शर्मिला विश्वकर्मा✍

*कुन ऐन के कस्तो बनाउने के कति संशोधन वा खारेज गर्ने भन्ने विषय विधायिकाको अधिकारको कुरा हो । राज्यद्वारा अख्तियार गरिने निर्देशक सिद्धान्त, नीति तथा जनभावनालाई कानूनमा रूपान्तरण गर्न राज्यको आधिकारिक निकायहरूद्वारा कानूनको विषयगत, संस्थागत ढाँचा र आवश्यक विधि प्रक्रिया अवलम्बन गरी तयार गरिएको मस्यौदाको खाका नै कानून तर्जुमा हो[1] ।*

## पृष्ठभूमिः

राज्य सञ्चालनका निम्ति होस् वा राज्यका आकांक्षाहरूलाई व्यवहारमा रूपान्तरण गर्नका लागि होस् कानूनको नै आवश्यकता पर्दछ। कानूनको निर्माण र कार्यान्वयन भए पश्चात मात्र कानूनी राज्यको परिकल्पना पुरा भएको मान्न सकिन्छ। विधिशास्त्रीय दृष्टिकोणमा सरकारको मुलभूत काम कानून र नीतिको तर्जुमा, कानून र नीतिको कार्यान्वयन, र कानून र नीतिको व्याख्या हो। राज्यमा प्रचलित कानून सबै विधायिकाले नै बनाएको हुन्छ भन्न सकिदैंन, किनकि कानूनहरू वर्षौं देखि चलिआएका प्रथा, परम्परा वा अदालतबाट प्रतिपादित नजिर/सिद्धान्तको आधारमा चल्दै आएका पनि हुन्छन् । संविधान मूल कानून हो र यसलाई प्रभावकारी रूपमा लागु गर्न ऐनहरू बनाउनुपर्छ।

कानून निर्माणलाई संकुचित अर्थमा कानूनको तर्जुमामात्र भने पनि व्यापक अर्थमा कानूनको तर्जुमा देखि कानूनको कार्यान्वयन सम्मको प्रक्रियालाई लिइन्छ। कानून निर्माणले नयाँ कानूनको निर्माण मात्र नभई कानूनको संशोधन तथा परिमार्जन समेतलाई बुझाउँदछ। कानूनले ऐन मात्र नभई ऐन अन्तर्गत बन्ने नियम, विनियम, कार्यविधि, निर्देशिका तथा मापदण्डलाई समेत जनाउँछ। नियम, विनियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकार ऐनले नै प्रत्योजित गरी कार्यपालिकालाई दिएको हुन्छ तर व्यवस्थापिका संसद तथा प्रदेश सभाले आफ्नो सभा सञ्चालनसम्बन्धी नियमावली आफैं बनाउँछन्।

---

✍ कानून अधिकृत, प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

[1] कोमल प्रसाद रेग्मी समेत विरूद्ध अर्थमन्त्रालय ने.का.प. २०६०, अंक ११/१२

**विषय प्रवेशः**

विधायिकाद्वारा निर्माण हुने कानून विधेयकको रूपमा विधायिका समक्ष प्रस्तुत हुन्छ र विधायिकाबाट निश्चित विधि र प्रक्रिया बमोजिम पारित भै प्रमाणीकरण भएपछि मात्र विधेयक ऐन बन्दछ। विधेयकलाई नेपालको संविधानको धारा ३०६(झ) ले संघीय संसद वा प्रदेश सभामा पेश भएको संविधान संशोधन वा ऐनको मस्यौदा सम्झनुपर्छ भनि परिभाषा गरेको छ।

यसै गरि कानून तर्जुमा आफैंमा जटिल भएकाले कानून बनाउनु भन्दा अगाडि निम्नबमोजिमका कुराहरूमा विशेष ध्यान दिनुपर्दछः

- विधेयकको विषय संविधान, प्रचलित कानून, अदालतबाट प्रतिपादित नजिर/सिद्धान्त तथा सरकारको नीतिसँग बाँझिन्छ वा बाँझिदैन,
- विधेयकको उद्देश्य र कारण स्पष्ट तथा वस्तुनिष्ठ छ वा छैन,
- विधेयकको उद्देश्य बमोजिम कानून बनाई कार्यान्वयन गर्न सकिन्छ वा सकिदैन,
- विधेयकको विषय एकभन्दा बढी मन्त्रालयसँग सम्बन्धित छ वा छैन,
- विधेयक कार्यान्वयनमा आए पश्चात राज्यलाई आर्थिक भार पर्छ वा पर्दैन,
- जनताको हित केन्द्रविन्दुमा छ वा छैन
- स्पष्ट र बुझ्न सक्ने कानून बन्छ वा बन्दैन, आदी।

यसैगरि कानून मस्यौदा गर्दा केही सीमाभित्र रहि मस्यौदा गर्नुपर्नेहुन्छः

- संवैधानिक सीमाहरू
- कानून र न्यायका मान्य सीमाहरू
- आत्मनियन्त्रित सीमाहरू
- आर्थिक सक्षमता
- जनशक्ति र संरचनागत व्यवस्थाको स्थिति

माथि उल्लेखित सीमाहरू तथा अन्य कुराहरूमा स्पष्ट भएपछि कानून तर्जुमाको चरण प्रारम्भ हुन्छ। कानून तर्जुमाको चरणलाई कुनै वैज्ञानिक तवरबाट विभाजन गर्न सकिदैंन किनभने कानून निर्माण राष्ट्रले अपनाएको विधि, कानून तथा शासन पद्धति अनुसार फरक फरक हुन्छ। नेपालमा कानून तर्जुमाको प्रक्रियालाई तीन चरणमा विभाजन गर्न सकिन्छ।

**१. मस्यौदा गर्नुपुर्वको चरणः**

विधेयक प्रस्तावको तयारी सँगै यो चरण शुरू हुन्छ। प्रस्तावित कानूनको आवश्यकता, औचित्यता र त्यसका मुलभुत नीति तथा अवधारणालाई बुँदागत रूपमा उल्लेख गर्दै तयार गरिने

नीतिपत्र नै विधेयक प्रस्ताव हो[2] । प्रचलित कानूनमा भएको व्यवस्था भन्दा फरक कानूनको मस्यौदा तर्जुमा गर्न मन्त्रिपरिषदको सैद्धान्तिक स्वीकृत प्राप्त गर्नुपर्दछ। प्रदेश सरकारले आफ्नो कार्यविभाजन नियमावली बमोजिम मन्त्रालयको कार्यक्षेत्रानुसारको विषयमा कानून निर्माणको लागि विधेयकको प्रस्ताव तयार गर्ने गर्दछ।

विधेयकको प्रस्ताव तयार गरि सम्बन्धित मन्त्रालयले सहमति सहितको राय परामर्शको लागि कानून मन्त्रालयमा फाईल पठाउँछ। यदि उक्त विधेयकसँग आर्थिक पक्ष पनि जोडिएको छ भने अर्थ मन्त्रालयको सहमति पनि लिनुपर्दछ। यसैगरी सो विधेयकको विषय एकभन्दा बढी मन्त्रालयहरूसँग सम्बन्धित छ भने सम्बन्धित मन्त्रालयहरूसँग पनि सहमति लिनुपर्दछ।माग गरे बमोजिमको सहमति आएपछि सम्बन्धित मन्त्रालयले विधेयक प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषद समक्ष पेश गर्दछ, यसैको आधारमा मन्त्रिपरिषदले विधेयक प्रस्तावको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र कानूनी पक्षलाई अध्ययन गरी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिन्छ।

## २. विधेयक मस्यौदाको चरणः

मन्त्रिपरिषदले सैद्धान्तिक सहमति दिएपछि सम्बन्धित मन्त्रालयले सरोकार व्यक्तिहरू, कानूनका विज्ञहरू तथा कानून मन्त्रालयका प्रतिनिधि समेतको संलग्नतामा बवश्यक छलफल गरी विधेयकको मस्यौदा तयार गर्दछ। विधेयकको अन्तिम मस्यौदा तयार भइसकेपछि सम्बन्धित मन्त्रालय र कानून मन्त्रालयले तल उल्लेखित विधेयकको अंग र विधेयकको संरचना बमोजिम मस्यौदा भए नभएको हेर्ने गर्दछन्।

**विधेयकको अंग**

- लामो शिर्षक
- प्रस्तावना
- विधि निर्माण सुत्र
- संक्षिप्त नाम
- विस्तार र प्रारम्भ
- परिभाषा
- सारवान् उपबन्ध
- प्रशासकिय उपबन्ध
- प्रत्यायोजित व्यवस्थापनसम्बन्धि उपबन्ध
- विविध उपबन्ध
- अनुसुचि

**विधायनको ढाँचा**

- भाग र परिच्छेद
- दफा र उपदफा
- प्रतिबन्धात्मक वाक्यांश
- स्पष्टिकरण
- उदाहरण
- ऐन नं.

[2] कानून तर्जुमा दिग्दर्शन, २०६९,पेज २२

माथि उल्लेखित विधिनिर्माण सुत्र र ढाँचा बमोजिम विधेयक मस्यौदा भएपछि प्रदेश व्यवस्थापिकामा सो विधेयक प्रस्तुत गर्न स्वीकृतिको लागि मन्त्रिपरिषदमा प्रस्ताव सहित विधेयक पठाउनुपर्छ। मन्त्रिपरिषदको विधेयक समितिले छलफल गरि आवश्यक भए थप परिमार्जन सहित व्यवस्थापिका संसद वा प्रदेश सभामा प्रस्तुत गर्न मन्त्रिपरिषदको स्वीकृतिको लागि मस्यौदा समितिले सम्बन्धित मन्त्रालय समक्ष र मन्त्रालयले मन्त्रिपरिषद समक्ष पेश गर्दछ र मन्त्रिपरिषदबाट स्वीकृत भएपश्चात प्रदेश व्यवस्थापिका वा प्रदेश सभामा विधेयक पेश गर्नुपर्छ।

प्रदेश सभामा विधेयक दर्ताका लागि ल्याउदा देहाएका कागजातहरू विधेयक मस्यौदाको प्रति बराबर नै संलग्न गर्नुपर्छः[3]

- उद्देश्य र कारणः कानून बनाउनु पर्ने कारण, कानूनको उद्देश्य र कुन विषयलाई व्यवस्थित, नियन्त्रित वा नियमित गर्न खोजेको विवरण।
- आर्थिक टिप्पणीः ऐनको कार्यान्वयनका लागि सरकारले वहन गर्नु पर्ने आर्थिक व्ययभार सम्बन्धी विवरण।
- प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणीः विधेयकको कुन कुन दफा अन्तर्गत सम्बन्धित निकायले नियम, विनियम, निर्देशिका, कार्यविधि बनाउन वा आदेश वा सुचना जारी गर्न सक्छ सो को विस्तृत विवरण।
- तीन महलेः प्रचलित कानूनलाई संशोधन गर्न बनेको विधेयक भएमा तीनमहले तयार गर्नुपर्दछ।जसमा, प्रचलित कानूनको व्यवस्था, प्रस्ताव गरेको नयाँ कानूनी व्यवस्था र संशोधन गर्नुपर्नाको कारण उल्लेख गर्दै बनाइएको विवरण।

यसका अतिरिक्त सम्बन्धित मन्त्रीको हस्ताक्षर भएको दुई प्रति सक्कल विधेयक र प्रदेश सभा नियमावली बमोजिम विधेयकको अन्य प्रतिहरूमा मन्त्रालयको छाप लगाएको हुनुपर्दछ।यसैगरी संसद सदस्यको संख्या भन्दा २० प्रतिशत बढी विधेयकहरूको प्रति बनाई सभामा पेश गरिन्छ।सम्बन्धित मन्त्रीले सभाको सचिवलाई विधेयक दर्ताको लागि पठाएको पत्र पनि संलग्न गर्नुपर्छ।यसरि प्रदेश सभा सचिवालयले विधेयक दर्ता गरेपछि विधेयकले प्रदेश सभामा प्रवेश पाएको मानिन्छ।

## ३. विधेयक मस्यौदापछिको चरणः

नेपालको संविधानको अधिनमा रही प्रदेश सभामा विधेयक प्रस्तुत गर्न सकिन्छ।अर्थ विधेयक र शान्ति सुरक्षासँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिन्छ[4] ।

[3] कानून तर्जुमा दिग्दर्शन, २०६९,पेज १२२

[4] धारा १९८,नेपालको संविधान

(क) <u>विधेयक प्रस्तुत गर्ने कार्यविधिः</u>

नेपालको संविधान र प्रदेश सभा नियमावलीको अधीनमा रही प्रदेश सभाका सदस्यले विधेयक प्रस्तुत गर्न सक्छन। विधेयक प्रस्तुत गर्न चाहने सदस्यले विधेयकको साथमा उद्देश्य, कारण, व्याख्यात्मक टिप्पणी, प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी र प्रचलित कानूनलाई संशोधन गर्न बनेको विधेयक भएमा तीनमहले सहितको विवरण संलग्न गरी त्यसको सूचना कम्तीमा सात दिनअगावै सचिवलाई दिनु पर्छ र सरकारी विधेयकको हकमा पाँच दिनअगाडि सूचना दिनु पर्छ। विधेयक सभामा पेश हुने दिनभन्दा दुई दिन अगाडि प्रदेश सभाका प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउनुपर्छ।

कुनै विधेयक सभामा प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको यदि कुनै सदस्यले विरोध गरेमा विरोधकर्ता र प्रस्तावक सदस्यलाई सभामुखले क्रमश बोल्न अनुमति दिई सभामुखले बैठकको निर्णय प्रस्तुत गर्नुपर्छ[5]।यदि विधेयक प्रस्तुत गर्ने अनुमति प्राप्त भयो भने प्रस्तुतकर्ता सदस्यले विधेयकलाई तत्काल सभा समक्ष प्रस्तुत गर्नुपर्छ।

(ख) <u>विधेयकमाथि छलफलः</u>

प्रदेश सभामा विधेयक प्रस्तुत हुँदा सैद्धान्तिक छलफल मात्र गर्न सकिन्छ, विधेयक माथि कुनै संशोधन पेश गर्न सकिँदैन।सभामा सामान्य छलफल भएपछि प्रस्तुतकर्ता सदस्यले विधेयकमाथिको दफावार छलफल सभामा गर्ने वा संविधानको धारा १९३ बमोजिम गठन भएका समितिमा पठाउने मध्ये कुनै एक प्रस्ताव प्रस्तुत गर्न सक्छ।विधेयकमा संशोधन पेश गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना सभाका सचिवलाई दिनु पर्छ र सचिवले सो संशोधनको विवरण सबै सदस्यलाई उपलब्ध गराउनुपर्छ।तर सो संशोधन, विधेयकको विषय, उद्देश्य तथा सिद्धान्त भन्दा बाहिर हुनुहुदैंन।

संशोधनमा छलफल गर्दा विधेयकका दफाहरूको क्रमानुसार गर्नुपर्छ।दफाहरूसँगै अनुसूचीमा पनि यदि संशोधन परेको छ भने पहिला अनुसूचीसँग सम्बन्धित दफाको छलफल गरेपछि मात्र अनुसूचीको छलफल गर्नुपर्छ। सम्बन्धित समितिले विधेयकको दफावार छलफल गरिसकेपछि समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरि अध्यक्षले वा अध्यक्ष उपस्थित नभए सभामुखले तोकेको सोही समितिको अन्य कुनै सदस्यले प्रतिवेदन सहितको विधेयक बैठकमा पेश गर्नुपर्दछ। सभामुखको अन्यथा आदेश भएमा बाहेक समितिको प्रतिवेदन वितरण भएको चौबीस घण्टापछिको कुनै समयमा विधेयक प्रस्तुतकर्ता सदस्यले दुईवटा प्रस्ताव गर्न सक्छ, जसअनुसार प्रतिवेदन सहितको विधेयकमाथि छलफल गर्ने वा कुनै निश्चित दफाको मात्र छलफल गर्ने, सोही बमोजिमको प्रस्ताव गरि सम्बन्धित

[5] नियम १०५, कर्णाली प्रदेश सभा नियमावली, २०७४

समितिमा विधेयक फिर्ता पठाउन सकिने व्यवस्था गरेको छ। समितिले पुनः छलफल चलाएपछि विधेयक सोही प्रक्रिया बमोजिम अगाडि बढ्छ, समिति सभाका महत्वपुर्ण अंग हुन र यिनलाई Mini- Parliament पनि भनिन्छ।

**(ग) विधेयक फिर्ता लिन सक्नेः**

नेपालको संविधानको धारा २०० र प्रदेश सभा नियमावलीको नियम ११९ बमोजिम विधेयक प्रस्तुतकर्ताले प्रदेश सभाको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्छ। विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्ता लिन अनुमति माग्ने प्रस्ताव पेश गर्न चाहेमा एक दिनअगाडि सभाका सचिवलाई सूचना दिनु पर्छ। समितिमा विधेयक विचाराधीन रहेको अवस्थामा विधेयक फिर्ता लिने अनुमतिको लागि प्रस्ताव प्रस्तुत भएमा समितिले सोही व्यहोराको प्रतिवेदन बैठकमा पेश गर्छ र सोको जानकारी सभालाई दिइन्छ। विधेयकलाई फिर्ता लिने प्रस्तावको कसैले विरोध गरेमा प्रस्ताव गर्ने तथा विरोध गर्ने सदस्यलाई सभामुखले पालैपालो बोल्न दिई र त्यसपछि अरू छलफल हुन नदिई प्रस्तावलाई निर्णयार्थ पेश गर्नुपर्छ।

**(घ) विधेयक पारित गर्ने विधिः**

संविधानको धारा १९९ र कर्णाली प्रदेशसभा नियमावलीको नियम १२१ ले विधेयक पारित गर्ने विधिका बारेमा व्यवस्था गरेका छन् । कुनै विधेयक बैठकमा दफावार छलफल भई सो छलफल समाप्त भएपछि र सम्बन्धित समितिको प्रतिवेदनमाथिको छलफल समाप्त भई संशोधनहरूलाई सभाको निर्णयार्थ क्रमशः पेश गरिसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारितको प्रस्ताव राखेपछि सोही बमोजिम विधेयक पारित हुन्छ।

**(ङ) विधेयक पारित पछिको चरणः**

प्रदेशसभाबाट पारित भएको विधेयकमा सभामुखले आवश्यक देखेमा कर्णाली प्रदेश सभा नियमावली २०७४, नियम १२३ बमोजिम विधेयकका दफाहरूको सङ्ख्याको क्रम मिलाउन, सम्बन्धित समितिको प्रतिवेदनबाट सुधार भएका विषयहरू विधेयकमा समावेश गरी विधेयक तयार गर्न, भाषागत शुद्धाशुद्धी मिलाउन र विषयगत अस्पष्टता हटाई, आवश्यक शुद्धाशुद्धी र त्रुटीहरू सच्याउन सकिन्छ, जसलाई आनुषङ्गिक सुधार भनिन्छ। आनुषङ्गिक सुधार गरेपछि प्रमाणीकरणको लागि नेपाली कागजमा पाँचप्रति विधेयक तयार हुन्छ र विधेयकको प्रत्येक पृष्ठमा सभामुखको हस्ताक्षर गरी, अन्तिम पृष्ठमा सभामुखको पुरा नाम सहितको हस्ताक्षर र प्रदेश सभाबाट पारित मिति समेत उल्लेख गरी प्रदेश प्रमुख समक्ष पेश गरिन्छ।

**(च) विधेयक प्रमाणीकरणको चरणः**

नेपालको संविधानको धारा २०१ र कर्णाली प्रदेश सभा नियमावली २०७४,को नियम १२५ बमोजिम विधेयक प्रमाणीकरण गर्नुपर्छ। प्रदेश प्रमुख समक्ष प्रमाणीकरणका लागि पेश भएको विधेयक प्रदेश प्रमुखले १५ दिन भित्र प्रमाणीकरण गरी त्यस्को सूचना

प्रदेश सभालाई दिनुपर्छ तर प्रमाणीकरणका लागि पेश भएको विधेयक प्रदेश प्रमुखलाई आवश्यक लागेमा पुनः हेरफेर गर्न वा सामान्य त्रुटी भए सच्याउनका लागि १५ दिन भित्र प्रदेश सभामा सो विधेयक फिर्ता पठाउनुपर्छ र प्रदेश सभाले यथासक्य चाडों त्रुटी सच्याइ प्रदेश प्रमुख समक्ष प्रमाणीकरणका लागि पुनः पेश गर्नुपर्छ। प्रमाणीकरणका लागि पुनः पेश भएको विधेयक प्रदेश प्रमुखले पेश भएको १५ दिन भित्र प्रमाणीकरण गरी त्यस्को सूचना प्रदेश सभालाई दिनुपर्छ।

यसपश्चात यसरी सभाबाट पारित विधेयक संविधानको धारा २०१ को उपधारा (५) बमोजिम प्रदेश प्रमुखद्वारा प्रमाणीकरण भएपछि ऐन बन्दछ । प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको सूचना प्राप्त भएपछि सभामुखले सो सूचना सभामा पढेर सुनाउनुपर्छ । तर यदि अधिवेशन चालू नभएको अवस्थामा त्यस्तो सूचना प्रदेश सभाको सूचना पत्रमा प्रकाशन गराई त्यसको सुचना दिन लगाउनुपर्छ। प्रमाणीकरण गरिएको विधेयकको एक प्रति प्रदेश सभाको अभिलेखमा राखी, एक प्रति कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, एक प्रति प्रदेश प्रमुखको कार्यालय, एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्को एक प्रति आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्छ। कानून मन्त्रालयले ऐनलाई राजपत्रमा प्रकाशन गरेपछि कानून निर्माणको चरण समाप्त हुन्छ र कानून कार्यान्वयनको चरण प्रारम्भ हुन्छ।

**निष्कर्षः**

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशमा संघीय शासन व्यवस्थाको अभ्यास भइरहेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीयतह गरी तीन तहको सरकारलाई अधिकारको निक्षेपीकरण गरेको छ । प्रदेश सरकारलाई सञ्चालन र नियमन गर्न तथा प्रदेश सरकारबाट सम्पादन गरिने कार्य र प्रदेश सरकारबाट वितरण हुने सेवा, सुविधा र विकास निर्माणका लागि प्रदेश व्यवस्थापिकाले विभिन्न स्वरूपका कानूनहरू पारित गरेको छ । कानून निर्माण प्रक्रिया आफैंमा जटिल भएपनि कानून निर्माण कै निम्ति निर्वाचित भएका जनप्रतिनिधिहरूलाई कानूनका ज्ञाता मानिन्छ । व्यवस्थापिका र विधायकसँग भएको अधिकारको प्रभावकारी प्रयोग गर्दै कार्यान्वयनमुखी र प्रभावकारी कानून बनाउनु जनप्रतिनिधिहरूको कर्तव्य हो । कानून बनाउँदा गरिएको हतारले कानूनको कार्यान्वयन पक्षलाई प्रत्यक्ष रूपमा असर गर्दछ । कानूनको अज्ञानता क्षम्य हुंदैन तसर्थ कानूनको मस्यौदा गर्नुपुर्व देखि ऐन बनेर लागु हुने बेलासम्म जनता माझ बन्दै गरेको कानूनको व्यापक छलफल हुन जरूरी छ र जनताको हित केन्द्रविन्दुमा राखी सरल र सहज तरिकाले कार्यान्वयनमा आउने कानून बन्नुपर्छ ।

**सन्दर्भ सामग्रीः-**


- नेपालको संविधान
- कर्णाली प्रदेश सभा नियमावली, २०७४
- प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४
- कानून तर्जुमा दिग्दर्शन, नेपाल कानून आयोग, २०६९
- व्यवस्थापिका- संसद सेवा स्मारिका, अंक ५, वर्ष ५, मंसिर २०७३